लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र
रुपन्देही

सम्पर्क फोन नं. :०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०८१/०८२

च.न.:

## प्रस्ताव आहवानको सूचना
(सूचना नं. ०८/०८१/०८२)

*प्रथम पटक प्रकाशित मितिः २०८१।१०।२०*

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ.ब. ०८१/०८२को तपसिल अनुसारका बार्षिक स्वीकृत कार्यक्रमहरु **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** बमोजिम संचालन गर्न इच्छुक आवेदकहरुहरुलाई लक्षित गरी कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक कार्ययोजना, संलग्न गर्नु पर्ने कागजातहरु र सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईटबाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिलः

क) प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (उत्पादन प्रवर्द्धन कार्यक्रम सहयोग)

अन्य कुनै निकायबाट प्रतिफलमा आधारित प्रोत्साहन सहयोग पाएकोमा बाली/वस्तु दोहोरो नहुने गरी प्रतिफलमा आधारित प्रोत्साहन सहयोग उपलब्ध गराउन सकिनेछ। तर कुनै स्थानिय तह वा अन्य सरकारी निकायबाट प्रतिफलमा आधारित प्रोत्साहन वापत प्राप्त हुने अनुदान रकम र यस कार्यविधि अनुसारको उल्लेखित रकम विच अन्तर हुन आउने रकम बजेट प्रयाप्त भएमा कार्यालयलाई भुक्तानीका लागि बाधा अड्चन पर्नेछैन। उल्लेखित मापदण्ड पूरा गरेका अनुदानग्राही/सेवाग्राही यस कार्यक्रममा सहभागी हुन सक्नेछ।

आवेदकहरुको किसिमः समुह/सहकारी/निजी डेरी/फर्म/कम्पनी

कार्यक्रम बजेटः १ करोड

सूचनाको अवधिः ३० दिन (मिति २०८१/११/१९ गते कार्यालय समय भित्र)

| सि. न. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रु. |
|---|---|---|---|---|
| १ | दुध उत्पादन | • गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• आवेदकहरुले संस्थागत रूपमा दुध खरिद बिक्री गरेको हुनुपर्ने,<br>• आवेदकहरुले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>• दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने,<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने, | • आवेदकको नागरिकताको प्रतिलिपि,<br>• सहकारी वा कम्पनीले संस्थागत अभिलेख,<br>• जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• सहकारीले आँफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको | प्रति लिटर अधिकतम रु. २<br>(समुह/सहकारी/नीजि डेरी/ कम्पनीलाई भूक्तानी गरेको प्रोत्साहन रकम सम्बन्धित कृषकको खातामा जम्मा गरी सक्कल भौचर कार्यालयमा पेश गर्नु पर्नेछ) |



९०।२०

दिपक भुसाल
प्रमुख
(मत्स्य विकास निर्देशक)

लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

रुपन्देही

सम्पर्क फोन नं. :०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०८१/०८२

च.न.:

| सि. न. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रु. |
|---|---|---|---|---|
| | | • प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने,<br>• प्रति समूह/सहकारी /कम्पनीले मासिक औषत कम्तीमा ७००० लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्ने,<br>• निजी डेरी/फर्मको हकमा मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्ने। | नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,<br>• सहकारी वा संस्थागत रूपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख,<br>• स्थायी लेखा नं., करचुक्ता कागजात,<br>• दुधको कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन र आवेदकको बैक खाता नं.। | |
| २ | (बाखा/ भेंडा/ बगुंर/ रागां/ माछा/ अण्डा) | • गत आ.ब. मा भएको अण्डा, माछा तथा मासुको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>• वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने,<br>• मासु वा माछा वा /अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने।<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने,<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने। वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/ राँगा/माछा उत्पादक सहकारी संस्था आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने, | • पशु पन्छी वा माछा पालकको अभिलेख,<br>• सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बीमा गरिएको भए बीमालेख,<br>• आवेदकको खरिद बिक्री अभिलेख,<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख,<br>• स्थायी लेखा नं.,<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण, | प्रति कि.ग्रा. अधिकतम<br>जिउँदो खसी/बोका/भेडाको हकमा रु. २५ का दरले,<br>जिउँदो रांगाको हकमा रु. १५ का दरले,<br>जिउँदो बगुंरको हकमा रु. १५ का दरले,<br>माछाको हकमा रु. १५ का दरले,<br>अण्डाको हकमा रु. २५० प्रति हजार गोटाका दरले,<br><br>समुह/सहकारी/निजी डेरी/ कम्पनीलाई भुक्तानी गरेको प्रोत्साहन रकम सम्बन्धित कृषकको खातामा जम्मा गरी सक्कल भौचर कार्यालयमा पेश गर्नु पर्नेछ) |



दिपक कोइराला
प्रमुख
(मत्स्य विकास निर्देशक)

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

सम्पर्क फोन नं. :०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०८१/०८२
च.न.:

| सि. न. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रमाणित गर्ने आधारहरू | प्रोत्साहन रकम रु. |
|---|---|---|---|---|
| | | • खसी/बोका/भेंडाको हकमा सहकारीबाट १०० वा बंगुरको हकमा प्रति सहकारी प्रति वर्ष ४० वा राँगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको कारोबार गरेको हुनुपर्ने,<br>• निजीको हकमा खसी बोका ५० वा राँगा २० वा बंगुर २५ गोटा प्रति वर्ष बिक्रिको कारोबार गरेको हुनुपर्ने,<br>• माछा उत्पादनमाः निजीको हकमा २ मे.ट. प्रति वर्ष बिक्रि कारोबार गरेको हुनुपर्ने। सहकारीको हकमा १० मे.ट वार्षिक कारोबार गरेको हुनुपर्ने,<br>• अण्डा उत्पादनः मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | • कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन,<br>• आवेदकको बैक खाता नं.। | |
| ३ | मत्स्य ह्याचरी वा नर्सरी | • सम्पूर्ण पूर्वाधार व्यवस्थित भई ह्याचरी वा नर्सरी पूर्ण रूपमा सञ्चालनमा रहेको हुनुपर्ने,<br>• न्यूनतम १ हेक्टर जलाशयमा नर्सरी तथा रेयरिङ्ग पोखरीको व्यवस्था हुनुपर्ने,<br>• ह्याचरी वा नर्सरीकर्ता आफैले मत्स्य बीज बेचविखनको प्रबन्ध गर्नुपर्ने,<br>• मत्स्य बीज कारोवारको बिल बीजक जारी गरी अभिलेख राखु पर्ने, फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्ने,<br>• स्वस्थ ,परिपक्व २ केजी भन्दा माथिको माउ प्रजननमा प्रयोग गर्नुपर्ने,<br>• उत्पादित मत्स्य बीजलाई उचित आहाराको व्यवस्था गर्नुको साथै रोग तथा परजीवी विहीन हुनुपर्ने। | • व्यावसायिक योजना,<br>• सम्बन्धित स्थानीय तह वा विज्ञ केन्द्रको स्थलगत निरीक्षण सहितको प्राविधिक प्रतिवेदन र सिफारिस,<br>• बिक्री वितरणको अभिलेख, कारोवारको तथा आम्दानी खर्च देखिने कागजातहरू,<br>• स्थायी लेखा नं.,<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण,<br>• कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन,<br>• आवेदकको बैंक खाता नं.। | ह्याचलिङ्ग रु. ३०० प्रति लाख<br>फ्राइ रु. २००० प्रति लाख<br>फिङ्गरलिङ्ग रु. ५००० प्रति लाख<br>एडभान्स फिङ्गरलिङ्ग रु. १०००० प्रति लाख<br>इएरलिङ्ग रु. १ प्रति गोटा<br><br>सम्वन्धित मत्स्य ह्याचरिकर्ता तथा नर्सरिकर्तालाई बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ। |

**ख) साईलेज उद्योगको लागि मकै/घाँस उत्पादन कार्यक्रम**

आवेदकको किसिमः समुह, सहकारी तथा निजी ब्यवसायी

कार्यक्रम बजेटः ५ लाख

लक्ष्यः २० हेक्टर

सूचनाको अवधिः १५ दिन (मिति २०८१/११/०४ गते कार्यालय समय भित्र)



१०।२०

दिपक भुसाल
प्रमुख
(मत्स्य विकास निर्देशक)

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र
रुपन्देही

सम्पर्क फोन नं. :०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०८१/०८२

च.न.:

| कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | अनुदान सिमा |
|---|---|---|---|
| साईलेज उद्योगको लागि मकै/घाँस उत्पादन कार्यक्रम | • जमिनको तयारी,<br>• कम्पोष्ट/रासायनक मल/औषधी खरिद,<br>• सिँचाई तथा गोडमेल,<br>• मकै/घाँसको बीउ/सेट्स खरिद,<br>• घाँस कटान सङ्कलन तथा साईलेज उद्योगसम्म ढुवानी,<br>• मेसिनरी औजार खरिद,<br>• घाँस विकास तथा संरक्षण सम्बन्धि क्षमता अभिवृद्धि,<br>• अन्य व्यवस्थापकिय खर्च। | • साईलेज उद्योग सञ्चालन गरेको आशपासको क्लष्टर क्षेत्रमा घाँस उत्पादनका लागि मकै/अन्य घाँस खेती गर्न इच्छुक समूह, सहकारी तथा निजी व्यवसायी हुनुपर्ने,<br>• साईलेज उद्योगसँग घाँस खरिद बिक्री गर्ने करार सम्झौता भएको प्रस्तावकलाई प्राथमिकता दिनुपर्ने,<br>• यस कार्यक्रमा सहभागी हुन कम्तीमा १ हेक्टर जमिनमा मकै वा अन्य उपयोगी घाँस खेती गर्नुपर्ने। | कुल लागतको अधिकतम ७५ प्रतिशत वा प्रति हेक्टर बढीमा रु. २५ हजार अनुदान। |

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. साईलेज उद्योगको लागि मकै/घाँस उत्पादन कार्यक्रमको लागि अनुसूची ३३ बमोजिम निवेदन र प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रमको लागि अनुसूची ३४ बमोजिम निवेदन
२. संस्था दर्ता/नविकरणको प्रमाण-पत्रको प्रतिलिपि
३. स्थायी लेखा नंम्वर र गत आ.ब. को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
४. अनुसूचि ३६ बमोजिम कार्ययोजना
५. कार्यक्रम सञ्चालन भएको स्थलको फोटोहरु
६. सम्वन्धित स्थानिय तह सम्वन्धित शाखाको सिफारिस
७. समुह सहकारीको हकमा संस्थागत निर्णयको प्रतिलिपी र निजी उधमीको हकमा नागरिकताको प्रतिलिपी
८. विमाका कागजातहरु

प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रमको लागि थप

९. गत आ.ब.को (०८०/०८१) परिमाण (दुधको हकमा लिटर, मासुको हकमा किलोग्राम तथा संख्या, माछाको हकमा किलोग्राम र अण्डा तथा मत्स्य विजको हकमा संख्या) खुलेको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी

१०. कृषकहरुबाट खरिद गरी बिक्री वितरण गर्ने संस्थाहरुले कृषकहरुको नामनेसी सहितको परिमाण खुलेको बार्षिक विवरण

साईलेज उद्योगको लागि मकै/घाँस उत्पादन कार्यक्रम थप

११. जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार पत्र
१२. सम्भव भए साईलेज उद्योगसंग भएको सम्झौताको प्रतिलिपी

**थप जानकारीको लागि कार्यालयको Website: www.rupandehi.vethos.gov.np, फोन नं. ०७१५७०२०६, मोवाईल नं. ९८५७०११२६१मा सम्पर्क राख्न अनुरोध छ।**



१०/२०

दिपक भुसाल
प्रमुख
(मत्स्य विकास निर्देशक)